# बाल हेल्पलाइन सेवा नयाँ सञ्चालन अनुमति चाहने संस्थाले पेश गर्ने निवेदन ढाँचा, २०८२

## (संस्थाको लेटरप्याडमा लेखिएको आवेदन)

**मितिः २०८२/०३/......**

श्री राष्ट्रिय बाल अधिकार परिषद्,
श्रीमहल, पुल्चोक, ललितपुर ।

**विषयः- बाल हेल्पलाइन नम्बर १०९८ (दश, नौ, आठ) नेपाल सञ्चालन अनुमति उपलब्ध गराई दिने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा तहाँ परिषद्को मिति २०८२ साल असार ९ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९० र **बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६** बमोजिम परिषद्सँगको समन्वय तथा सहकार्यमा बाल हेल्पलाइन सेवाहरू उपलब्ध गराउनको लागि यो संस्था इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि यसैसाथ संलग्न राखी बाल हेल्पलाइन सेवा निःशुल्क नम्बर १०९८ नेपाल सञ्चालन अनुमतिका लागि निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदक

संस्थाको अध्यक्ष/प्रमुखको दस्तखतः

संस्थाको अध्यक्ष/प्रमुखको नाम र पदः

**बोधार्थः-**
श्री सामाजिक विकास मन्त्रालय/...... मन्त्रालय/, ...... प्रदेश ...... ।
श्री ............ महानगर/उपमहानगर/नगरपालिका .............

**संलग्न कागजातहरू**

१ संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाण-पत्र
२ समाज कल्याण परिषद् आबद्धता तथा नवीकरणको प्रमाण-पत्र
३ स्थायी लेखा नं. दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण-पत्र
४ आयकर छुट पाउने संस्था दर्ता प्रमाण-पत्र
५ वार्षिक लेखापरीक्षण प्रतिवेदन (गत ३ आर्थिक वर्षको)
६ सम्बन्धित स्थानीय तहले बाल हेल्पलाइन सेवा सञ्चालन अनुमतिका लागि परिषद्लाई सिफारिस गरेको पत्र
७ सम्बन्धित सामाजिक विकास मन्त्रालय वा बालबालिकाको विषय हेर्ने मन्त्रालयले बाल हेल्पलाइन सेवा सञ्चालन अनुमतिका लागि परिषद्लाई सिफारिस गरेको पत्र
८ बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि २०७६ को दफा १३ मा उल्लिखित मापदण्डहरु पूरा गरेको/रहेको/भएको अवस्था खुलेको विवरण (संलग्न ढाँचा बमोजिम)
९ संस्थाको विस्तृत विवरण (संलग्न ढाँचा बमोजिम)
१० मापदण्ड बमोजिमका सेवाहरु समन्वय तथा सहकार्यमा कार्यान्वयन गर्ने प्रतिबद्धता-पत्र (संलग्न ढाँचा बमोजिम)

**बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि २०७६ को दफा १३ मा व्यवस्था भएको मापदण्ड पूरा गरेको/रहेको/भएको अवस्था खुलेको विवरण ढाँचा/सूची**

| क्र.स. | कार्यविधिमा तोकिएका मापदण्डहरूको सूची | संस्थाले मापदण्ड पूरा गरेको/ | | थप खुलाउनुपर्ने भएमा (खुलाउने) |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धनको क्षेत्रमा अविछिन्न रूपमा कम्तीमा पाँच वर्षदेखि कार्यरत रहेको छ/छैन | | | |
| २ | चौवीसै घण्टा बाल हेल्पलाइन सेवा बालमैत्री वातावरणमा सञ्चालन गर्न सक्ने क्षमता छ/छैन | | | |
| | छ भने विवरण खुलाउने | | | |
| ३ | बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधिको दफा ७ मा उल्लिखित कार्यक्रम, कार्य तथा सेवाहरू प्रदान गर्न सक्ने भौतिक पूर्वाधार तथा आर्थिक स्रोत र दक्ष जनशक्ति छ/छैन | | | |
| | छ भने भौतिक पूर्वाधार, आर्थिक स्रोत र दक्ष जनशक्तिको अलग अलग विवरण-<br>(क) भौतिक पूर्वाधार-<br>(ख) आर्थिक स्रोत/परियजना-<br>(ग) जनशक्ति- | | | |
| ४ | संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्था, बाल अधिकार-कर्मी, शिक्षक, बाल कल्याण अधिकारी, समाज सेवी तथा बाल मनोविज्ञ, सामाजिक कार्यकर्ता, सार्वजनिक संस्थान, कम्पनी, निजी क्षेत्र लगायत व्यवसायिक संघ संगठनसँगको समन्वय र सहकार्यमा बाल हेल्पलाइनको पहुँच बालबालिका समक्ष पुऱ्याउन सक्ने क्षमता छ/छैन | | | |
| | छ भने क्षमता खुल्ने गरी विवरण खुलाउने- | | | |
| ५ | बालबालिकाको आपत्कालीन आकस्मिक उद्धारका लागि एम्बुलेन्स वा बालमैत्री सवारी साधन छ/छैन | | | |
| | छ भने एम्बुलेन्स वा सवारी साधानको प्रकृति, सवारी नम्बर र सवारी चालक सहितको विवरण उल्लेख गर्ने- | | | |
| ६ | जोखिम वा हिंसाबाट उद्धार गरिएका बालबालिकाको पुन:स्थापना, अल्पकालीन अस्थायी संरक्षण सेवाको प्रबन्ध, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण वा सामाजिक तथा संस्थागत पुनःस्थापना नभएसम्म अल्पकालीन अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्न बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ बमोजिम आवासीय अस्थायी संरक्षण सेवा सञ्चालनका लागि अनुमति लिएको छ/छैन | | | |

| | | | | |
|---|---|---|---|---|
| | छ भने प्रमाण पत्रको प्रतिलिपि वा अनुमति नम्बर उल्लेख गर्ने- | | | |
| ७ | उद्धार गरिएका बालबालिकाको आवश्यकता अनुसार कम्तीमा प्राथमिक उपचार, राहत, मनोविमर्श सेवा, कानूनी परामर्श सेवा, तत्काल संरक्षण सहयोग प्रदान गर्न सक्ने स्रोत साधनको व्यवस्था छ/छैन | | | |
| ८ | बालबालिकाको अधिकार तथा हक हितको क्षेत्रमा क्रियाशील तीनै तहका सरकारी निकाय, संघ संस्था, समुदाय र अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण वा सामाजिक तथा संस्थागत पुनःस्थापना गर्न सक्ने व्यवस्था वा क्षमता छ/छैन | | | |
| ९ | उद्धार गरिएका बालबालिकालाई पारिवारिक पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनःस्थापना गर्न आफै वा सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्वय गरी आवश्यक सहयोग प्रायोजन वा पारिवारिक सहयोग उपलव्ध गराउन र नियमित अनुशरण/फलोअप तथा पृष्ठपोषण गर्न सक्ने व्यवस्था वा क्षमता छ/छैन | | | |
| १० | बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सचेतना मूलक सूचना, सन्देश, जानकारी परिषद्को समन्वय र स्वीकृतिमा सम्प्रेषण र प्रचार प्रसार गर्ने गरिएको छ/छैन | | | |
| ११ | बाल हेल्पलाइन सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी गतिविधि, तथ्याङ्क र सूचना सहितको प्रतिवेदनहरू सम्बन्धित निकायमा छिटो छरितो एवम् व्यवस्थित ढंगले आवधिक रूपमा उपलव्ध गराउने आफ्नो वेबसाइटमा समेत अपलोड गर्न सक्ने क्षमता वा व्यवस्था छ/छैन | | | |
| १२ | प्रदान गरिएका बाल हेल्पलाइन सेवाहरु बाल संरक्षण घटना व्यवस्थापन प्रणाली (Child Protection Information Management System-CPIMS) वा अनलाइन प्रणालीमा नियमित र अनिवार्य रूपमा दर्ता तथा अद्यावधिक गर्न सक्ने क्षमता वा व्यवस्था छ/छैन | | | |
| १३ | बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाले बाल हेल्पलाइनसँग सम्बन्धित कुनै पनि कार्यक्रम सञ्चालन, प्रचार प्रसार तथा प्रकाशन गर्दा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्द्वारा, (संस्थाको नाम) सँगको समन्वय र सहकार्यमा सञ्चालित बाल हेल्पलाइन नम्बर १०९८ (प्रदेश र जिल्लाको नाम) उल्लेख गर्न संस्था पूर्ण सहमत भै कार्यान्वयनका लागि प्रतिबद्ध छ/छैन | | | |
| १४ | बाल हेल्पलाइन नम्बर १०९८ नेपालको लोगो बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ को अनुसूची-२ र | | | |

| | | | | |
|---|---|---|---|---|
| | लेटरप्याड अनुसूची-३ बमोजिम प्रयोग गर्ने गरी संस्थागत समन्वय तथा सहकार्य गर्न पूर्ण सहमत भै प्रतिबद्ध छ/छैन | | | |

## संस्थाको विस्तृत विवरण

१. संस्थाको परिचयः

१.१ संस्थाको नामः

१.२ संस्थाको ठेगाना, सम्पर्क र आधिकारिक इमेल ठेगानाः

१.३ संस्था प्रमुखको नाम, सम्पर्क नं. र इमेल ठेगानाः

१.३ संस्थाको उद्देश्यः

१.४ संस्थाको कार्यक्षेत्रः

१.५ संस्थाले बाल हेल्पलाइन सञ्चालन गर्न चाहेको जिल्ला तथा स्थान र पहुँच पुऱ्याउन सक्ने जिल्लाहरूको विवरणः

१.६ जिल्ला प्रशासन/कम्पनी/गुठी दर्ता नं. र दर्ता भएको जिल्ला र अन्तिम नवीकरण मितिः

१.७ समाज कल्याण परिषद् आबद्धता नं. र अन्तिम नवीकरण मितिः

१.८ स्थायी लेखा नं.:

२. बालबालिकाको अधिकार संरक्षण तथा प्रबर्द्धनको क्षेत्रमा पछिल्लो पाँच वर्षमा गरेका मुख्य मुख्य कार्यहरू (प्रत्येक वर्षको कार्यहरू अलग-अलग देखिने गरी):

३. संस्थाको भौतिक पूर्वाधारको विस्तृत विवरण (भवनको अवस्था, कोठा संख्या, कम्पाउण्ड लगायत अस्थायी संरक्षण सेवा केन्द्रको व्यवस्थापन तथा बालक र बालिका छुट्टा-छुट्टै राख्ने क्षमता समेत खुल्ने गरी):

४. संस्थामा मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार तथा कानूनी परामर्श सेवाको व्यवस्था सम्बन्धी विवरणः

५. संस्थाको जनशक्तिको अवस्था र बाल हेल्पलाइन सञ्चालनमा संलग्न हुने कर्मचारीको विषयगत अनुभव, क्षमता तथा दक्षता समेतको विवरणः

६. बालबालिका विरुद्धको हिंसा र जोखिममा परेका बालबालिकाको उद्धार, सहयोग, अस्थायी संरक्षण सेवा प्रबन्ध, बालबालिकाको परिवार खोजी, पारिवारिक पुनर्मिलन, संस्थागत पुनःस्थापना सम्बन्धी कार्यका लागि संस्थागत कार्यक्रमहरूको विवरण र स्रोतको व्यवस्था सम्बन्धी जानकारी, संस्थाको आफ्नै स्रोतले व्यवस्थापन गर्न सक्ने बाल हेल्पलाइन सम्बन्धी कार्यहरूको विवरणः

७. बाल हेल्पलाइन सेवा सञ्चालन गर्न नयाँ अनुमति चाहने संस्थाको आगामी तीन (३) वर्षको लागि बाल हेल्पलाइन सञ्चालनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्न संस्थाकै आफ्नो स्रोत, विकास सझेदारसँगको परियोजना वा कार्यक्रम सम्झौता, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त हुने अनुमानित अनुदान रकम र परिषदसँग अपेक्षा गरिने कार्यक्रम र वजेट रकम सम्बन्धी विवरणः

| क्र.स | वार्षिक वजेटको स्रोत रकम/निकाय | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | कैफियत |
|---|---|---|---|---|---|
| १ | संस्थाको आन्तरिक स्रोत रकम रू. | | | | अनुमानित |
| २ | स्थानीय तहको अनुदान रकम रू. | | | | अनुमानित |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रदेश सामाजिक विकास मन्त्रालय वा प्रदेश सम्बन्धित मन्त्रालयबाट प्राप्त अनुदान रकम रू. | | | | अनुमानित |
| ४ | नेपाल सरकारको तर्फबाट परिषद्ले उपलब्ध गराएको/गराउने सशर्त अनुदान रकम रू. | | | | अनुमानित |
| ५ | अन्य स्रोत भए (खुलाउने) रु. | | | | अनुमानित |
| **जम्मा अनुमानित वार्षिक वजेट** | | | | | |

८. बाल हेल्पलाइन सेवा सञ्चालन गर्न आवश्यक वार्षिक कूल वजेट रकमको संस्थाले व्यहोर्न सक्ने वजेट रकमको प्रतिशत: ................

## बाल हेल्पलाइन सेवा नयाँ सञ्चालन गर्न चाहने संस्थाको मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धी प्रतिबद्धता-पत्रको ढाँचा (संस्थाको लेटरप्याडमा)

बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ को दफा १३ मा व्यवस्था गरिएका मापदण्डहरु देहाय बमोजिम कार्यान्वयन गर्न यो संस्था प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ ।

१ चौबीसै घण्टा बाल हेल्पलाइन बालमैत्री वातावरणमा सञ्चालन गरिनेछ ।

२ बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन कार्यविधिको दफा ७ मा उल्लिखित कार्यक्रम, कार्य तथा सेवाहरू प्रदान गर्न सक्ने भौतिक पूर्वाधार तथा आर्थिक स्रोत र दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

३ संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्था, बाल अधिकार-कर्मी, शिक्षक, बाल कल्याण अधिकारी, समाज सेवी तथा बाल मनोविज्ञ, सामाजिक कार्यकर्ता, सार्वजनिक संस्थान, कम्पनी, निजी क्षेत्र लगायत व्यवसायिक संघ संगठनसँगको समन्वय र सहकार्यमा बाल हेल्पलाइनको पहुँच विशेष संरक्षणको आवश्यकता भएका र जोखिममा परेका बालबालिका समक्ष पुऱ्याइने छ।

४ बालबालिकाको आपत्कालीन आकस्मिक उद्धारका लागि एम्बुलेन्स वा बालमैत्री सवारी साधनको प्रबन्ध गरिनेछ ।

५ उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण वा सामाजिक तथा संस्थागत पुनःस्थापना नभएसम्म अल्पकालीन संरक्षणमा राख्न मन्त्रालयले तोकेको न्यूनतम मापदण्ड अनुसारको अस्थायी बाल संरक्षण सेवा केन्द्रको व्यवस्थापन गरिनेछ ।

६ उद्धार गरिएका बालबालिकाको आवश्यकता अनुसार कम्तीमा प्राथमिक उपचार, राहत, मनोविमर्श सेवा, कानूनी परामर्श सेवा, तत्काल संरक्षण सहयोग प्रदान गर्न सक्ने स्रोत साधनको व्यवस्था गरी उपलब्ध गराइनेछ ।

७ बाल अधिकारको क्षेत्रमा क्रियाशील तीनै तहका सरकारी निकाय, संघ संस्था, समुदाय, बाल गृह र अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा बालबालिकाको संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण वा सामाजिक तथा संस्थागत पुनःस्थापना गरिनेछ ।

८ उद्धार गरिएका बालबालिकालाई पारिवारिक पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनःस्थापना गर्न आफै वा सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्वय गरी आवश्यक पारिवारिक सहयोग उपलव्ध गराउन र नियमित अनुशरण तथा पृष्ठपोषण गरिनेछ ।

९ बाल अधिकारको संरक्षण र प्रवर्धनका लागि आवश्यक सूचना, सन्देश, जानकारी सम्प्रेषण र प्रचार प्रसार गरिनेछ ।

१० बाल हेल्पलाइन सञ्चालन सचिवालयको प्रत्यक्ष सम्पर्कमा रही बाल हेल्पलाइन गतिविधि, तथ्याङ्क र सूचना सहितको प्रतिवेदनहरू सम्बन्धित निकायमा छिटो छरितो एवम् व्यवस्थित ढंगले आवधिक रूपमा उपलव्ध गराइनेछ ।

११ बाल हेल्पलाइन सम्बन्धी सूचना तथा जानकारी सचिवालयले उपलव्ध गराएको अनलाइन प्रणाली वा बाल संरक्षण घटना व्यवस्थापन प्रणालीमा नियमित र अनिवार्य रूपमा दर्ता तथा अद्यावधिक गरिनेछ ।

१२ बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाले बाल हेल्पलाइनसँग सम्बन्धित कुनै पनि कार्यक्रम सञ्चालन, प्रचार प्रसार तथा प्रकाशन गर्दा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र (संस्थाको नाम) सँगको सहकार्यमा सञ्चालित बाल हेल्पलाइन नम्बर १०९८ (प्रदेश र जिल्लाको नाम) उल्लेख गरी समन्वय, सहकार्य तथा सञ्चालन गर्न सहमति रहेकोछ ।

१३ बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ को अनुसूची-२ र लेटरप्याड अनुसूची-३ बमोजिम बाल हेल्पलाइन नम्बर १०९८ नेपालको लोगो प्रयोग गर्ने गरी समन्वय र सहकार्य गर्न सहमति रहेको छ ।

संस्था प्रमुख/अध्यक्षको नाम, हस्ताक्षर र छाप